CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #३५

१।३।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।


## नेपाली नागरिकलाई स्वदेश आउन सहजिकरण गर्न संघिय सरकारका यि मन्त्रीहरूले प्रदेश सरकारसंग समन्वय गर्दैछन्

**कर्णाली प्रदेश:**
शक्ति बहादुर बस्नेत
मन्त्री, बन तथा वातावरण
०१४२११५९९/४२११५६७

**गण्डकी प्रदेश:**
पद्मा कुमारी अर्याल
मन्त्री, भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
०१४२११६६६/४२११६६६

**बागमती प्रदेश:**
पार्वत गुरुङ
मन्त्री, महिला बालबालिका तथा जेष्ठ नागरिक
०१४२००२७५/४२०००८२

**सुदुरपश्चिम प्रदेश:**
बिना मगर
मन्त्री, खानेपानी
०१ ४२११२९८/४२११६९३



**प्रदेश नं. १:**
वसन्त कुमार नेम्बाङ,
मन्त्री, भौतिक पूर्वाधार तथा सामाजिक सुरक्षा
०१४२११७३२/४२११९३१

**प्रदेश नं. ५:**
वर्षमान पुन
मन्त्री, उर्जा, जलस्रोत तथा सिँचाई
०१४२११५०२/४२११५१६

**प्रदेश नं. २:**
रामेश्वर राय यादव
मन्त्री, श्रम रोजगार तथा सामाजिक सुरक्षा
०१४२००४७६/४२११७९१

स्रोत: https://drive.google.com/file/d/1ltgut4gpGkUZi-N5DYsejCG6W23y1TI9/view

## नेपाल अपडेट




कोरोनाबाट सञ्चो भएका व्यक्तिलाई एम्बुलेन्समा राखिँदै ।

तस्बिर: केशवराज पौडेल

**परिक्षण**
पिसिआर परिक्षण: १,३८,६८३
पोजेटिभ: ६,२११
उपचाररत: ५,१५१
मृत्यु : १९






Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



लक्षण नदेखिएका कोभिड - १९ का बिरामीबाट संक्रमण सर्दैन भन्छन् नी ।

कोभिड - १९ मुख्यतया खोकी र ज्वरो तथा थकान जस्ता अन्य लक्षण देखिएका व्यक्तिहरुबाट बाहिर निकालिएको श्वासप्रश्वासबाट सर्दछ । प्राय कोभिड - १९ बाट संक्रमितहरुले सुरुवाती चरणमा हल्का लक्षणको मात्र महसुस गर्दछन् । जो व्यक्तिलाई हल्का खोकी लागेको छ र बिरामीको महसुस गरेका छैनन् त्यस्ता व्यत्तिहरुबाट पनि भाईरस सर्ने सम्भावना रहन्छ । केही रिपोर्टहरुले लक्षण नदेखिएका संक्रमितबाट पनि संक्रमण सर्छ भनेकाछन् तर कतिको अवस्थामा यो सर्छ भन्ने बारेमा अझै पत्ता लागेको छैन । यस विषयमा विस्तृत रुपमा विश्व स्वास्थ्य संगठनले अनुसन्धान गर्दैछ ।

स्रोत: https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019/



कुनै जिल्लामा संक्रमितको संख्या बढ्यो भने फेरी लकडाउन हुन्छ रे । कतिको संख्यामा बढेमा त्यस्तो नियम लागु हुने हो प्रष्ट जानकारी भएन ।

एक जिल्लामा संक्रमितको संख्या ५० जना भएसम्म कोभिड - १९ को महामारी र व्यवस्थित बन्दा बन्दीमा जनस्वास्थ्यको मापदण्ड २०७७ मा उल्लेखित सुरक्षाका उपायहरु पालना गरी पेशा व्यवसाय सञ्चालन गर्न भनेको छ । ५१ देखी २०० जना सम्म संक्रमितको संख्या भएसम्म सो मापदण्डमा उल्लेखित सुरक्षा उपायहरु अवलम्बन गरी तोकिएको समय र कार्य अवधि भित्र मात्र पेशा व्यवसाय सञ्चालन गर्ने र २०० जना भन्दा बढी संक्रमितको संख्या भएमा पूर्ण बन्दा बन्दी गर्ने भनिएको छ ।

स्रोत: https://drive.google.com/file/d/1-plSOtgWXVRfH5bZTmZmPxvxNQFssQMh/view



एक जिल्लाबाट अर्को जिल्ला प्रवेश गर्नको लागि अनुमति लिँदा प्रशासनले अब कोभिड - १९ को परिक्षण गरेको रिपोर्ट माग्छ रे ।

कुनै पनि व्यक्ति बाहिर जाँदा वा यात्रा गर्दा संक्रमणको जोखिम रहन्छ नै । तर यसो भनिरहँदा परिक्षण गरेर आउनैपर्छ भन्ने कुरा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिकामा व्यवस्था गरिएको छैन । त्यसैले निर्देशिकामा उल्लेख भएको व्यवस्था बाहेक कोहि कसैको पनि परिक्षण नगर्न नगराउन सम्बन्धित स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था, प्रयोगशाला र सरोकारवाला सबैलाई मन्त्रालयले अनुरोध गरेको छ ।

स्रोत: https://www.facebook.com/watch/?v=2976767979086160



काठमाण्डौ उपत्यकामा निजि सवारी चल्न दिने पनि भनेको छ । जोर बिजोर पनि भनेको छ । वास्तवमा कसले कहिले र कसरी चलाउन पाउने हो ?

निजी दुई पांग्रे सवारीमा एकजना मात्र सवार गर्न पाउने र निजी चार पांग्रे सवारी साधनमा चालक सहित ३ जना सवार हुन पाउनेछन् । यसका लागि जोर बिजोर प्रणाली लागु गरिएको छ । जस अनुसार जोर गतेका दिन जोर नम्बर र बिजोर गतेका दिन बिजोर नंबरका निजी सवारी साधन चलाउन पाउने व्यवस्था गरिएको छ । तर पास लिएका सवारी साधनको हकमा भने जोर बिजोर प्रणाली लागु हुने छैन ।

स्रोत: https://traffic.nepalpolice.gov.np/

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्




COVID-19 को बारेमा बुझ्न निःशुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| देश | नेपाली | संक्रमित | नेपाली संक्रमित | मृत्यु भएका नेपाली |
|---|---|---|---|---|
| साउदी अरब | ३,३४,४५१ नेपाली | १,३२,०४८ संक्रमित | १,५०० नेपाली संक्रमित | ९ मृत्यु भएका नेपाली |
| कुवेत | ७१,१९३ नेपाली | ३६,४३१ संक्रमित | ६५० नेपाली संक्रमित | ३ मृत्यु भएक नेपाली |
| बहराईन | २६,००० नेपाली | १८,५४४ संक्रमित | ४४० नेपाली संक्रमित | ३ मृत्यु भएका नेपाली |
| कतार | ४,०६,९१७ नेपाली | ८०,८७६ संक्रमित | १०,००० नेपाली संक्रमित | ४ मृत्यु भएका नेपाली |
| युएई | २,२४,९०५ नेपाली | ४२,२९४ संक्रमित | १,६०० नेपाली संक्रमित | १९ मृत्यु भएका नेपाली |
| ओमान | १७,०५७ नेपाली | २४,५२४ संक्रमित | | |
| मलेसिया | ५००,००० नेपाली | ८,४९४ संक्रमित | ८९ नेपाली संक्रमित | |
| दक्षिण कोरिया | ३८,८६२ नेपाली | १२,१२१ | | |




स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

सरकारले विभिन्न देशमा रहेका नेपाली नागरिकलाई स्वदेश फिर्ता गराउने कार्य सुरु गरेको छ । कुवेतमा एम्नेस्टी पाएका करिब २८०० नेपाली श्रमिक बाहेक अन्य देशमा भएका श्रमिकहरुले हवाई खर्च लगायत अन्य सबै खर्च स्वम् आफैले बेहोर्नु पर्नेछ ।

यसै सन्दर्भमा सरकारले बिभिन्न देशबाट नेपालसम्म आउनको लागि हवाई भाडादर तोकेको छ । प्रस्तुत भाडादर २ पटक सम्म समायोजन गरेर निकालिएको अन्तिम भाडादर हो ।

| श्रमिकहरु आउने प्रमुख देश र तोकिएको भाडादर | | | |
|---|---|---|---|
| मलेसिया - काठमाडण्डौ | ३७२ डलर | साउदीको जेद्दा - काठमाडण्डौ | ५९० डलर |
| कतारको दोहा - काठमाडण्डौ | ३९२ डलर | ओमान - काठमाडण्डौ | ३६८ डलर |
| दुबई - काठमाडण्डौ : | ३६० डलर | बहराइन - काठमाडण्डौ | ३९२ डलर |
| साउदीको दमाम - काठमाडण्डौ | ४३० डलर | कुवेत - काठमाडण्डौ | ४१० डलर |
| साउदीको रियाद - काठमाडण्डौ | ४६५ डलर | | |

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

जम्मा

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्व १० करोड**


रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |


## कोरोना भाईरसमा गरिएको खर्च सम्बन्धी सरकारले दिएको जानकारीमा भिन्नता




सरकारले यस अघी सार्वजनिक गरेको कोरोना भाईरस सम्बन्धी खर्चको विवरण र अहिले सार्वजनिक गरेको विवरणमा भिन्नता देखिएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गर्दा जम्मा ८ अर्ब ३९ करोड खर्च भएको सार्वजनिक गर्दा, यस अघी कोरोना संकट व्यवस्थापन केन्द्र (CCMC) को सचिवालयले जम्मा ९ अर्ब ८७ करोड खर्च गरेको जानकारी सार्वजनिक गरेको थियो । जहाँ संघिय सरकारले गरेको खर्च प्रधान मन्त्री कोरोना कोषबाट पनि गरेको हुन सक्छ । यद्यपी यो असम्भव जस्तै छ । पहिले र अहिलेको विवरण हेर्दा प्रदेश र सथानीय तहमा भएको खर्चमा पनि एकरुपता देखिदैन । दुबै स्रोतको तुलना गर्ने हो भने, प्रदेशमा १७% र स्थानीय तहको खर्च विवरणमा ८% फरक परेको देखिन्छ । यसले, यथार्थ खर्च सार्वजनिक गर्ने सवालमा सरकारको प्रयाप्त तयारी नपुगेको देखाउँछ । यसरी हेर्दा सरकारले खर्च सार्वजनिक गरेको दुबै मितिको अन्तरमा प्रदेश सरकार र स्थानीय सरकारले जम्मा ४४ करोड खर्च गरेको देखिन्छ । जुन, असम्भव जस्तै छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## प्रदेश स्तरको कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषमा भएको रकमको ताजा अवस्था




लकडाउन सुरु भएको ८० दिनमा आउँदा कोभिड - १९ बाट संक्रमितको संख्या अनुमान गरे भन्दा धेरैले बढेको छ । हाल संक्रमितको संख्या ५३३५ र क्वारेन्टिनमा बस्नेको संख्या बढ्दै जाँदा उपलब्ध क्वारेन्टिनको क्षमतालाई आधार मान्ने हो भने, करिब ६६% भरि सकिएको छ । त्यसै गरेर स्थानीय तहसंग भएको सम्पूर्ण रकमको ६२% रकम खर्च भईसकेको छ । कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशले त झण्डै ८५% रकम खर्च गरिसकेकाछन्, तर त्यहाँ नयाँ संक्रमितको संख्या बढ्दो क्रममा छ । अन्य प्रदेशको तुलनामा यि दुई प्रदेशलाई बेडको संख्या बढाउने वा संक्रमणको दरलाई घटाउने चुनौती छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# कोभिड - १९ र खाद्य सुरक्षा

अहिले कोरोना महामारीले निम्त्याएका थुप्रै चुनौति मध्ये खाद्य सुरक्षा प्रमुख हो । संकटमा सबैले जोहो गर्ने प्रमुख वस्तु खाद्यान्न हो । तर क्षणिक समयको लागि खाद्यान्नको जोहो गर्नुलाई खाद्य सुरक्षा भन्न मिल्दैन । FAO का अनुसार "खाद्य सुरक्षाको सुनिश्चितता त्यतिखेर हुन्छ, जब हरेक नागरिकका लागि भौतिक र आर्थिक रुपमा आवश्यक परेको समयमा स्वस्थ जिवनको लागि प्रयाप्त, शुद्ध र पोषण युक्त खानाको सजिलै उपलब्ध हुन्छ ।"
यहाँ बर्तमान सम्दर्भ र खाद्य सुरक्षाका ४ प्रमुख आयामको चर्चा गर्न मनासिव छः



## १. खाद्य उपलब्धता

यो मुख्यत: आन्तरिक उत्पादन, खाद्य मौजदात र खाद्य आयातमा निर्भर रहन्छ । अध्ययनले नेपालको कुल भूभागको करिब २१% भूभागमा कृषि खेती गरिएको देखाउँछ । हालको अवस्थामा प्राय होटेल व्यवसाय बन्द अवस्थामा रहेको र खपत कम हुनुका साथै आन्तरिक उत्पादन बढी भएकोले सहजै खाद्यान्न उपलब्ध भएको देखिन्छ । यसले केही हद सम्म खाद्यान्नको गुणस्तरियतालाई पनि सुतिश्चित गरेको छ। खाद्य आयातमा पनि कमी नआएकोले प्रयाप्त मौजदात रहेको आँकडा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको अधावधिक मौजदातले देखाउँछ। तर यातायातको ठप्प जस्तै हुँदा विकट ठाउँमा अझै प्रयाप्त खाद्यान्न पुग्न सकेको छैन।

## २. पहुँच

सरकारले राहत वितरणको प्याकेज ल्यायो तर, खाद्यान्न गुणस्तर छैन भन्ने गुनासो आईरहेको छ । त्यसमाथी वितरणमा पनि भेदभाव भयो भन्ने कुरा आईरहेको छ । यो लकडाउनको समयमा आयस्रोत छैन । बाहिरबाट रेमिट्यान्स आएको छैन । विदेशबाट आएका युवाहरु क्वारेनिटनमा बसेकाछन् । यसले मानिसको क्रय शक्ति पनि घटेको छ । किनेर खानसक्ने क्षमतामा कमी आए पछी खाद्य उपलब्धता भए पनि किनेर खान सक्ने अवस्था छैन ।





## ३. उपयोग

खाद्यान्नको उपभोग गर्दा खाद्य सचेचना हुन जरुरी छ । खानाको प्रयाप्त उपलब्धता भए पनि यदि त्यो गुणस्तरीय भएन भने त्यो अर्थहिन हुन्छ । खाने कुरामा गुणस्तर र सुरक्षा त्यतिकै अपरिहार्य छ । तर अहिलेको मुद्दा भनेको मान्छेले दुईछाक खाना खान पाउनु पर्छ । त्यसको सुनिश्चितता गर्न सरकारले राहतको लागि खाने कुरा त दियो तर गुणस्तर भएन । यसो भनिरहँदा, अहिलेको कोरोना महामारीले आम मानिसमा स्वस्फुर्त स्वास्थ्य सचेतना भने जागेको छ । हात धुनुपर्छ सफा खानुपर्छ भन्ने कुरा संस्कारको रुपमा विकसित हुदैछ ।

## ४. स्थिरता

अहिलेको स्वास्थ्य संकटसंगै आउन सक्ने सम्भावित खाद्य संकटलाई रोक्न र खाद्य सुरक्षालाई सुनिश्चित गर्न आर्थिक, राजनीतिक र वातावरणिय कारणले आपुर्तिमा असर हुनु हुदैन ।




## निष्कर्ष

अहिले नै सरकारले खाद्य सुरक्षाको बारेमा प्रयाप्त ध्यान दिएन भने, भविष्यमा कुपोषण हुने सम्भावना प्रवल छ । लकडाउन दुई तिन महिना अझै बढेर जाने हो भने उत्पादनमा कमी आउनेछ । यसले नेपालको स्वास्थ्य क्षेत्रमा ठुलो असर पार्नेछ । कुपोषण हुनु भनेको देशको ठुलो सक्रृय जनशक्तिमा ह्रास आउनु हो ।

# प्रदेश स्तरमा हालको कोभिड - १९ संक्रमितको अवस्था

सही सूचना

## नेपालमा कोभिड - १९ बाट संक्रमितको प्रादेशिक अवस्था




माथिको ग्राफले छुट्टा छुट्टै प्रदेशमा कोभिड - १९ संक्रमितको संख्या देखाउँछ । समग्रमा प्रदेश नं. २ र प्रदेश नं. ५ को संक्रमितको संख्या जम्मा संख्याको ६४% छ । संक्रमित हुनेको अनुपातमा सञ्चो हुनेको संख्या प्रदृश नं. १ मा सबै भन्दा बढी र कर्णाली प्रदेशमा सबै भन्दा थोरै छ । कोभिड - १९ का कारण मृत्यु हुनेको संख्या सबै भन्दा धेरै प्रदेश नं. ५ मा छ । यि तथ्यांकहरु सरकारले लकडाउनलाई खुकुलो पार्ने आधारको रुपमा लिन सक्छ ।

स्रोत: HEOC, MoHP, SitRep


**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगाको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs